म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १९४ बिहीबार १० फागुन २०८० ने. सं. ११४४ सिल्लाथ्व 22 February 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## थानाभन्ज्याङबाट तीन युवक पक्राउ

हेटौंडा, ९ फागुन/हेटौंडा उपमहानगरपालिका-११, स्थित थानाभन्ज्याङबाट अवैध लागूऔषध गाँजासहित ३ जनालाई प्रहरीले पक्राउ गरी नियन्त्रणमा लिएको छ । पक्राउ पर्नेहरुमा मनहरी गाउँपालिका-२ बस्ने २७ वर्षीय राजकुमार स्याङ्बो, २४ वर्षीय पलगु राजकुमार स्याङ्बो र २३ वर्षीय रामकुमार स्याङ्बो रहेका छन् । जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुर र अस्थायी प्रहरी पोष्ट थानाभन्ज्याङबाट खटिएको प्रहरीले उनीहरुलाई ५३ किलो ५ सय ९० ग्राम लागुऔषध गाँजा सहित पक्राउ गरेको हो । ग २३ प ६४३८ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार राजकुमार र पलगुको साथबाट करिब ३५ किलो ८०० ग्राम गाँजा र बा.प्र.०३००५ प ८९८४ नम्बरको मोटरसाइकलमा सवार रामकुमार को साथबाट करिब १७ किलो ७९० ग्राम गाँजा बरामद गरिएको प्रहरीले जनाएको छ । तीन जनालाई मकवानपुर जिल्ला अदालतबाट १२ दिनको म्याद थप गरी अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

# कार्यसम्पादनमा मकवानपुरका १० वटै पालिका कमजोर

साझाकुरा संवाददाता

हेटौंडा, ९ फागुन/ कार्यसम्पादनमा मकवानपुरका १० वटै स्थानीय तह कमजोर देखिएका छन् । हेटौंडा र थाहा नगरपालिकाको कार्यसम्पादन औसत रहेपनि बाँकी ८ वटा स्थानीय तह कमजोर देखिएका हुन् ।




चालू आर्थिक वर्ष २०७९/८० को स्थानीय सरकारको कार्यसम्पादन मूल्यांकनको प्रारम्भिक नतिजामा मकवानपुरका १० पालिकामध्ये पूर्वी क्षेत्रस्थित बागमती गाउँपालिका सबैभन्दा कमजोर र हेटौंडा उपमहानगरपालिका सबैभन्दा अगाडि छ । मूल्यांकनमा जिल्लाका पाँचवटा पालिकाले मात्रै ३० अंक कटाउन असफल भएका छन् । हेटौंडा अंगमा अगाडि भएपनि १७ वटा सूचकमध्ये ५ वटा सूचकमा शुन्य अंक पाएको छ ।

थाहा नगरपालिकाको ३ वटा सूचकमा मात्र शुन्य अंक छ । शुन्य सूचकको आधारमा मूल्यांकन गर्दा थाहा नगरपालिका जिल्लाकै शुन्य सूचक कम भएको स्थानीय तह हो । कार्यसम्पादन मूल्याङकनको सूचकका आधारमा स्थानीय तहमा वित्तीय समानीकरण अनुदानको अंक निर्धारण हुने गर्दछ । प्राकृतिक स्रोत तथा वित्त आयोगले गरेको कार्यसम्पादन मूल्यांकन अनुसार सबैजसो प्रदेश र स्थानीय तहको नतिजा कमजोर देखिएको हो ।

स्थानीय तहले कार्यसम्पादन मूल्यांकनको आधारमा प्राप्त गरेको अंक राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सार्वजनिक गरेको थियो । हेटौंडा उपमहानगर पालिकाले ३७ दशमलव ११ अंकसहित जिल्लामा पहिलो बनेको हो । मूल्यांकनमा थाहा नगरपालिकाले ३६ दशमलव ६६ अंक प्राप्त गरेर दोस्रो भएको छ । इन्द्रसरोवर गाउँपालिकाले २५ दशमलव ५२ अंक पाएको छ । इन्द्रसरोवरको ८ वटा सूचकमा शुन्य अंक छ ।

कैलाश गाउँपालिकाले ५ सूचकमा शुन्यसहित ३२ दशमलव ५२, महनरीले ८ सूचकमा शुन्य अंकसहित २९ दशलव ८४, भीमफेदीले ६ सूचकमा शुन्य अंकसहित ३१ दशमलव ९१, मकवानपुरगढीले ६ वटा सूचकमा शुन्यसहित ३१ दशमलव ९७, बकैयाले १० सूचकमा शुन्यसहित २४ दशमलव ८४ अंक र राक्सिराङले ८ सूचकमा शुन्यसहित २४ दशमलव २४ अंक प्राप्त गरेको छ । कार्यसम्पादनमा सबैभन्दा कमजोर बागमती गाउँपालिकाले कार्यसम्पादन मूल्यांकनमा १६ दशमलव २२ अंक मात्र पाएको छ । बागमतीले ९ वटा सूचकमा अंक शुन्य पाएको छ ।

कार्यसम्पादन मूल्यांकनमा समग्र स्थानीय तहमध्ये अर्घाखाँचीको सन्धिखर्क नगरपालिकाले ६१ दशमलव ८१ अंक प्राप्त गरी पहिलो भएको छ । चितवनको भरतपुर महानगरपालिका ५६ दशमलव २९ अंक सहित दोस्रो र गुल्मीको मालिका गाउँपालिका ५५ दशमलव ४० अंकसहित तेस्रो भएको हो । सिन्धुपाल्चोकको मेलम्ची नगर पालिका चौथो, सिन्धुपाल्चोककै भोटेकोशी गाउँपालिका पाचौं, गुल्मीको चन्द्रकोट गाउँपालिका छैठौं, अर्घाखाँचीको छत्रदेव गाउँपालिका सातौं, गुल्मीको रेसुंगा नगरपालिका आठौं, सिन्धुपाल्चोककै पाँचपोखरी थाङपाल गाउँपालिका नवौं र प्युठानको सरुमारानी गाउँपालिका दशौं भएका छन् । स्थानीय तहमध्ये महानगरपालिकामा सबैभन्दा धेरै अंक भरतपुर महानगरपालिका हो । काठमाडौंले ३९ दशमलव २, वीरगञ्जले ३३ दशमलव ४९, विराटनगरले ३२ दशमलव ८५, ललितपुरले २५ दशमलव १८, पोखराले २० दशमलव ७४ अंक पाएको छ ।

१० असारभित्र बजेट ल्याए/नल्याएको, ३० असार भित्र बजेट पास गरे/नगरेको, घरजग्गा रजिष्ट्रेसन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन कर वापत उठेको रकममध्ये ४० प्रतिशत प्रदेश सरकारलाई मासिक रुपमा दिए/नदिएको, आगामी आवको आय/व्ययको प्रक्षेपणसहितको अनुमानित विवरण पुस मसान्तभित्र अर्थ मन्त्रालयमा पठाए/नपठाएको, स्थानीय तहले समेत बजेटको वार्षिक समिक्षा कात्तिक मसान्त भित्र सार्वजनिक गरे/नगरेको, आन्तरिक राजस्व संकलनको प्रक्षेपित लक्ष्य, आन्तरिक राजस्व संकलनको विवरण, स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र)को प्रयोग लगायतका पक्षमा मूल्यांकन हुने गरेको छ ।

**प्रदेशमा बागमती दोस्रो**

आगामी आव २०८१-८२ मा संघीय सरकारबाट प्रदेश र स्थानीय तहलाई प्रदान गर्ने वित्तीय समानीकरण अनुदानको प्रयोजनका लागि आयोगले १० वटा सूचकका आधारमा प्रदेशहरुको मूल्यांकन गरेको छ ।

आयोगको मूल्यांकनमा सबैभन्दा धेरै अंक कोशीले र सबैभन्दा कम अंक लुम्बिनी प्रदेशले पाएका छन् । सबैभन्दा धेरै अंक ल्याउने कोशी प्रदेशको अंक ३० दशमलव ८९ मात्रै छ । दोस्रो स्थानमा रहेको बागमतीले २७ दशमलव २९, गण्डकीले २३ दशमलव ७, मधेशले २२ दशमलव ३१, सुदूरपश्चिमले २१ दशमलव ८, कर्णालीले २० दशमलव ९८ र लुम्बिनीले १६ दशमलव ९९ अंक मात्रै पाएको छ ।

आव २०७८/७९ को लेखापरीक्षणबाट औंल्याएको बेरुजु, प्रदेश सरकारको विनियोजित रकम अनुसार खर्च, प्रदेशले आफ्नो अधिकार क्षेत्रभित्रको राजस्व परिचालन, प्रदेश तहको वायुको गुणस्तर सूचकाङ, व्यवस्थित वनले ढाकेको क्षेत्रफलमा भएको वृद्धिको अवस्थालाई आधार बनाएर यस्तो अंक दिइन्छ । प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मूल्यांकन कार्यविधि, २०७८ को दफा ७ को अधिनमा रही प्रदेश र स्थानीय तहका लागि निर्धारण गरिएको कार्यसम्पादन सूचकको मूल्यांकन गरी अंक प्रदान गरिएको आयोगले जनाएको छ । नतिजामा चित्त नबुझे ७ दिनभित्र निवेदन दिन सकिनेछ ।

# मकवानपुरलाई फिल्म हवको रुपमा विकास गर्न मागगर्दै सकियो चलचित्र पत्रकारको राष्ट्रिय भेला

साझाकुरा संवाददाता



हेटौंडा, ९ फागुन/ चलचित्र पत्रकार संघ नेपालको प्रथम राष्ट्रिय भेला १३ बुँदे घोषणापत्र जारी भएसँगै सकिएको छ । ५ गतेदेखि सुरु भएको भेला मंगलबार घोषणापत्र जारीसँगै सकिएको हो । बागमती प्रदेशको राजधानी हेटौंडामा सुरु भएको भेलामा विभिन्न विषयमा अन्तरसंवादका साथै कार्यशाला गरी सम्पन्न भएको हो ।

भीमफेदी कुलेखानी सुरुङमार्ग निर्माण गरी हेटौंडासहित समग्र मकवानपुरलाई फिल्म हवको रुपमा विकास गर्न चलचित्र पत्रकार संघले सरोकारवाला निकायसँग माग गरेको छ । केन्द्रीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले स्थानीय पर्यटकीय ठाउँको पर्यटन प्रवर्द्धनका लागि सिनेमा पर्यटनलाई जोड दिँदै विभिन्न कार्यक्रम तय गर्न तीनै तहको सरकारसँग माग गरेको छ । हेटौंडा आसपासका क्षेत्र र मकवनपुरको चित्लाङ, कुलेखानी, दामन, थाहा, मकवानपुरगढी लगायतका ठाउँमा सिनेमा पर्यटनलाई जोड दिई आवश्यक पूर्वाधार निर्माणका लागि प्रदेश र स्थानीय तहका दुबै सरकारसँग माग गरिएको छ ।

त्यस्तै, नेपाली सिनेमा बजारको अध्ययन, अनुसन्धान, व्यवस्थापन र विस्तारका लागि विभिन्न कार्यक्रम संचालन गर्न र नेपाली सिने बजारविस्तारका लागि निरन्तर योगदान गरिरहेका व्यक्ति तथा संस्थासँग सहकार्य, समन्वय गरी प्रोत्साहन र प्रवर्द्धन गर्न भेलाले सम्बन्धित पक्षसँग माग गरेको छ । बिट पत्रकारिताको समस्या सम्बोधन गरी यसको संरक्षण र प्रवर्द्धनका लागि विशेष योजना बनाउन सम्बन्धित निकायसँग भेलाले माग गरेको छ । अनलाईन पत्रिका तथा बिट पत्रकारितालाई पनि लोककल्याणकारी विज्ञापनले समेट्न माग गरिएको छ ।

त्यस्तै स्वायत्त चलचित्र उद्योगका लागि समयानुकूल र नेपाली चलचित्रको विकासका लागि प्रभावकारी रुपमा चलचित्र ऐन यथाशक्य संशोधन गर्न, नेपाली सिनेमाको माध्यमबाट पर्यटन प्रवर्द्धनका लागि प्रभावकारी कार्यक्रम तय गर्न भेलाले तीनै तहका सरकार र सम्बन्धित निकायसँग जोडदार माग गरेको छ ।

कला, संस्कृति र पहिचान सहितको मौलिक चलचित्र तथा अन्तर्राष्ट्रियरुपमा प्रतिनिधित्व गर्ने नेपाली चलचित्र वा चलचित्रकर्मी र महोत्सवमा जाने चलचित्र तथा चलचित्रकर्मीलाई प्रोत्साहन तथा प्रवर्द्धन प्रचारप्रसार गर्न भेलाले सम्बन्धित निकायसँग माग गर्ने, श्रमजीवी पत्रकार ऐनको पूर्ण कार्यान्वयन गर्ने माग पनि गरेको छ । सरकारले पत्रकार सम्बद्ध संघ संस्थालाई दिइँदै आएको सहुलियत अनुदान रकम निकै न्यून रहेको र चलचित्र पत्रकार संघ नेपालले अनुदान प्राप्त गर्न नसकेको अवस्थामा चलचित्र पत्रकार संघ नेपाललाई हरेक आर्थिक वर्षमा सहुलियत अनुदान रकम उपलब्ध गराउन केन्द्रीय, प्रदेश तथा स्थानीय सरकारलाई भेलाले माग गरेको छ ।

हेटौंडाको मकवानपुर गढी, शहिदस्मारक, कुष्माण्डसरोवर त्रिवेणीधाम, वनस्खण्डी, भुटनदेवी मन्दिर, पाथिभरा, पुष्पलाल पार्क, चिप्लेटी गाउँ, हर्नामाडी मूर्तिपार्क लगायत ठाउँलाई प्रवर्द्धनका लागि सिनेमामार्फत् प्रस्तुत गर्न र त्यसको लागि स्थानीय सरकारले समन्वय र सहुलियतको व्यवस्था गर्न माग गरिएको छ । संघको प्रथम राष्ट्रिय भेला सम्पन्न गर्न सहयोग गर्ने बागमती प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुन मन्त्रालय र सञ्चार रजिष्ट्रार कार्यालय, बागमती प्रदेश सरकारको संस्कृति तथा पर्यटन मन्त्रालय, चलचित्र विकास बोर्ड, प्रेस काउन्सिल नेपाल, विज्ञापन बोर्ड, नेपाल पर्यटन बोर्ड, नेपाल टेलिभिजन, संघ मकवानपुर शाखा लगायत सम्पूर्ण संघसंस्था र प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्ने सबैमा भेलाले धन्यवाद ज्ञापन गरेको छ ।

कार्यक्रममा सहभागी हुन देशभरबाट करिब दुई सय चलचित्र पत्रकार र कलाकारको उपस्थिति रहेको थियो । संस्था स्थापनाको २५ वर्ष पूरा भएको अवसरमा संघको आयोजनामा भएको भेलामा सिनेमा र पर्यटन संवाद, अन्तर्क्रिया, कार्यशाला, गोष्ठी, कार्यपत्र प्रस्तुतलगायत विषयका सेसन सञ्चालन भएका थिए । भेलाको उद्घाटन हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले गरेकी थिइन् भने समापन मुख्यमन्त्री शालिकराम जम्कट्टेलले गरेका थिए । कार्यक्रम संघका केन्द्रीय अध्यक्ष समीर बलामीको सभाध्यक्षतामा भएको थियो । कार्यक्रमलाई चलचित्र पत्रकार संघ नेपाल मकवानपुर शाखाले समन्वय र व्यवस्थापन गरेको थियो ।

संघका पूर्वअध्यक्ष शान्तिप्रियले चलचित्र पत्रकारिताको ईतिहास र वर्तमान अवस्थाबारे कार्यपत्र प्रस्तुत गरेका कार्यपत्रमा पत्रकार एवम् नेपाल टेलिभिजनका महाप्रवन्धक फूलमान बलले टिप्पणी गरेका थिए । त्यस्तै बागमती प्रदेशको सञ्चार रजिष्टार रेवतीप्रसाद सापकोटाले प्रदेश सरकारले निर्माण गर्दै गरेको चलचित्र विद्येयक मस्यौदा बारे प्रस्तुत कार्यपत्रमा पत्रकार विजयरत्न तुलाधार र सञ्जु राई, निर्माता नरेन्द्र महर्जन र आकाश अधिकारी, चलचित्र विकास बोर्डका अध्यक्ष भूवन केसीले राय सहितको सुझावका राखेका थिए ।

यसैगरी भेलामा पत्रकार ध्रुव लम्सालले नेपाली चलचित्र उद्योगको अवस्था (हिजो, आज र भोलि) विषयक कार्यपत्रमा पत्रकार विदुर गिरीले टिप्पणी गरेका थिए । आजको चलचित्र पत्रकारिता र आचारसंहिताको सवालमा प्रेस काउन्सिलका सदस्य ठाकुर वेलबासे, टेलिभिजनका महाप्रवन्धक बलले आचारसंहिताको कसीमा अबको चलचित्र पत्रकारिता विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए । यस विषयमा उठेका सवालको जवाफ प्रेस काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले दिएका थिए ।

यस्तै, विज्ञापन बोर्डका कार्यकारी अध्यक्ष लक्ष्मण हुमागाईले चलचित्र पत्रकारिता, विज्ञापन रहित नीति र अनलाइन बजार व्यवास्थापन विषयमा कार्यपत्र प्रस्तुत गरी बृहत छलफल गरिएको थियो । विशेष संवादमा चलचित्र सेन्सर कि ग्रेडिङ ? भन्ने विषयमा निर्देशक मनोज पण्डित, दयाराम दाहाल, चलचित्र विकास बोर्डका सदस्य रवि अधिकारी, सेन्सर बोर्डका सदस्य ऋषिराज आचार्यबीच संजोक बत्स्यालले छलफल गराएका थिए । त्यस्तै, मिडिया प्रमोशन र कर्पोरेट लगानीको विषयमा भने निर्माता संघका निवर्तमान अध्यक्ष आकाश अधिकारी, निर्माता र वीन्द्रसिंह बानियाँ, नेपाल टेलिभिजनका महाप्रवन्धक बल, निर्देशक निश्चल बस्नेतबीच छलफल गराइएको थियो ।

छलफललाई पत्रकार अशोकप्यासी राईले सहजीकरण गरेका थिए । यसैगरी चलचित्र वितरक नरेन्द्र महर्जन, नायिका स्वस्तिमा खड्का, चलचित्र विकास बोर्ड सदस्य राजु केसी, हाइलाईट्स नेपालका प्रवन्धक जनक तामाङलाई पत्रकार सुव्रत आचार्यले सिनेमा बजार (राष्ट्रिय/अन्तरराष्ट्रिय र ओटीटी) विषयमा छलफल गराएका थिए । सिनेमा र पर्यटन संवादमा सञ्चारकर्मी दिनेश डिसीले चलचित्र बोर्ड सदस्य भूवन केसी, निर्देशक दयाराम दाहाल, नायिकका केकी अधिकारी र पर्यटन बोर्डका सदस्य सूर्य थपलियालाई सिनेमा र पर्यटन विषयक छलफल गराएका थिए । कार्यक्रममा चलचित्र पत्रकारिताको फिचर लेखनका साथै पत्रकारिता के हो ? भन्ने विषयमा प्रशिक्षक अरुण बराल र चिरन्जीवी पौडेलले प्रशिक्षण दिएका थिए ।

# तरकारीखेती प्रवर्द्धनका लागि कृषिसामग्री वितरण



साझाकुरा संवाददाता

हेटौंडा, ९ फागुन/ राक्सिराङ गाउँपालिकाले तरकारीखेती प्रवर्द्धनका लागि स्थानीय किसानलाई आवश्यक कृषिसामग्री वितरण गरेको छ ।

बुधबार गाउँपालिका परिसरबाट मिलिजुली कृषक समूहलाई तरकारीखेतीका लागि आवश्यक विभिन्न सामग्री वितरण गरिएको हो । तरकारीखेती प्रबद्धन कार्यक्रमअन्तर्गत राक्सिराङ गाउँपालिका-५ नम्बर वडाको मिलिजुली कृषक समूहलाई टनेल प्लास्टिक ११ थान, थोपा सिंचाई १० सेट, ग्रीन नेट १० थान, मल्चिङ प्लाष्टिक ५ थान, स्प्रे पम्प १० थान वितरण गरिएको छ ।

सामग्री वितरण गर्दै गाउँपालिका अध्यक्ष राजकुमार मल्लले तरकारी उत्पादनबाट जीवन निर्वाहको लागि सहज वातावरण बन्ने बताए । 'तपाईंहरु यही सामग्रीको प्रयोग गरी आर्गानिक तरकारी उत्पादन गर्दै जानुहोस्, बिक्री वितरणको लागि टाढा जानु पर्दैन । हाम्रै कृषि हाटबजार छ त्यहाँ खपत हुन्छ । उत्पादनलाई बढाउँदै गर्नु थप आवश्यक कृषिसामग्री र प्राविधिकको व्यवस्था हामी गर्छौं ।', उनले भने ।

तरकारी उत्पादन अबधिभर निरन्तर प्राबिधिक सेवा प्रदान गरिने कृषि शाखाले जनाएको छ । कृषि शाखाका अनुसार कार्यक्रममार्फत ३ वटा कृषि समूहका ३० भन्दा कृषक लाभान्वित हुनेछन् । थप २ वटा कृषि समूहलाई चाँडै सामग्री वितरण गरिने जनाइएको छ । वितरण कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौला, ५ नम्बर वडाअध्यक्ष हरि बहादुर प्रजा, कृषि शाखाका संगम बिश्वकर्मा, कृष्ण डुम्रेलगायतको सहभागिता थियो ।

# अटो दुर्घटनामा चालक घिमिरेको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, ९ फागुन/ मकवानपुरगढी गाउँपालिकामा अटो दुर्घटना हुँदा चालकको मृत्यु भएको छ ।

४ नम्बर वडास्थित भित्री सडक खण्डमा ५ नम्बर वडाको धादिङबजारबाट ज्वालादेबि तर्फ जाँदै गरेको ना २ ह ५२६८ नम्बरको अटो अनियन्त्रित भई दुर्घटना हुँदा अटो चालकको मृत्यु भएको हो ।

मृत्यु हुनेमा मकवानपुर ढीका करिब ३६ वर्षीय सुमन भनिने देवीबहादुर घिमिरे रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । मृतक घिमिरेको उपचारको क्रममा हेटौंडा अस्पतालमा मृत्यु भएको प्रहरीले जनाएका छ ।

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।



हाम्रा विशेषताहरुः

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

## सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# प्रदेशसभा र प्रतिपक्षको रणनीति

चालू आर्थिक वर्ष २०८०/८१ को बजेटमा प्रतिपक्षका सांसदका योजना समावेश गर्ने सहमति कार्यान्वयन नभएको सन्दर्भमा विवादबीच प्रदेशसभा बैठक बोलाउने निर्णय भएको छ । बागमती प्रदेशसभा बैठक १५ फागुनमा आह्वान गर्ने निर्णय मन्त्रिपरिषद् बैठकले गरेको छ । फागुन १५ गते अपरान्ह ३ बसे बोलाइएको प्रदेशसभा बैठकमा प्रतिपक्ष दलको रणनीति प्रतिकारात्मक रुपमा देखिने सम्भावना छ । ८ फागुन मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले हिउँदे अधिवेशन आह्वान गर्ने निर्णय गरेको हो । चालू आर्थिक वर्ष २०८०/८१ को बजेटमा प्रतिपक्षका सांसदका योजना समावेश गर्ने विषयमा सत्तापक्ष र प्रतिपक्षबीच सहमति हुन नसक्दा प्रदेशसभा २२ असोजमा बसेपछि अनिश्चित बनेको थियो । प्रदेशसभा बैठक बोलाउन प्रदेशप्रमुख कार्यालयलाई सिफारिस गर्ने निर्णय गरेको आर्थिक मामिला तथा योजना मन्त्री बहादुरसिहं लामाले जानकारी दिए ।

लामाले प्रतिपक्ष दलसँग विगतको योजना समावेश गर्ने सहमतिको विषयमा कुनै सहमति नभएको बताए । 'उहाँहरुसँग पटक-पटक वार्तामा बसेका थियौं, कुनै सहमति भने भएको छैन । सहमति कार्यान्वयन गर्ने समस्या देखिएको हो ।', मन्त्री लामाले भनेका छन् । सरकार र विपक्षी दल नेकपा एमाले र राप्रपाबीच योजना समावेश गर्ने सम्बन्धमा आधा दर्जनपटक वार्ता बसेपनि निचोडमा नपुग्दा प्रदेशसभा बोलाउन सरकार हतारिएको थिएन । सांसदका योजना समावेश सहमति कार्यान्वयन हुन नसकेपछि प्रतिपक्ष दल एमाले र राप्रपाले सदनबाटै प्रतिवाद गर्ने रणनीति बनाएका छन् । सरकारले सदनको सहज सञ्चालनका लागि १३ फागुनमा सर्वदलीय बैठक राखेको मन्त्री लामाले जानकारी दिए । सर्वदलीय बैठकमा प्रतिपक्षसँग छलफल हुने र प्रदेशसभा सञ्चालनका लागि अगाडि बढ्ने लामाले विश्वास दिलाएका छन् । प्रतिपक्षले सदन सञ्चालनमा अवरोध गर्ने चेतावनी दिइरहेको अवस्था छ । सहमतिका लागि सर्वदलीय बैठक बोलाएको दाबी सत्तापक्षको छ । नेकपा एमालेले सहमति कार्यान्वयन नभएसम्म प्रतिपक्षले आफ्नो तरिकाबाट भूमिका निर्वाह गरिराख्ने बताएको छ । जनताको सर्वोत्तमहितका निम्ति उठाइएका योजना कार्यान्वयनमा सरकार बहानाबाजीमा लागेको एमालेको भनाई छ ।

गत १ असारमा प्रदेश सरकारले ६२ अर्ब ७० करोड रुपैयाँको बजेट ल्याएपछि विपक्षी दलहरु एमाले र राप्रपाले पूर्वाग्रही भएको आरोप लगाउँदै प्रदेशसभा निरन्तर अवरोध गरेका थिए । उनीहरुको अवरोधका कारण प्रदेशसभामा १२ असारमा सुरु भएको बजेटमाथिको छलफल प्रभावित भएको थियो । २० असारमा सांसदका योजना बजेट विनियोजन गर्ने सहमति भएपछि २१ असारमा बजेटमाथि छलफल सकेर पारित गरिएको थियो । सरकारले भने अख्तियारको सुझाव, सर्वोच्च अदालतको अन्तरिम आदेश र कर्मचारीले रकमान्तर गर्न अटेर गरेको कारण देखाउँदै सहमति कार्यान्वयन गर्न चाहेको थिएन । चालू आवर्षको बजेट २२ असारमा पास गरेपछि प्रदेशसभा बैठक स्थगित गरिएको थियो । त्यसपछि १८ भदौमा बोलाइएको बैठक बस्दै नबसी स्थगित भयो । २४ र ३० भदौ, १४, १५, २२ असोजमा बसेपछि प्रदेशसभा ठप्प भएको हो । आगामी आवको बजेट निर्माणको तयारीमा जुट्नुपर्ने बेला सरकारले हिउँदे अधिवेशन बोलाएको हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० फागुन ११ गते शुक्रबार २३ फेब्रुअरी २०२४ । चतुर्दशी, माघ शुक्लपक्ष । सिल्लाध्व ११४४ ने.सं. । सूर्योदय ६:३७, सूर्यास्त ५:५९ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : व्यापारबाट लाभ मिल्नेछ | तुला | : समयले साथ दिनेछ |
| वृष | : स्वास्थ्योपचारमा खर्च हुनेछ | वृश्चिक | : रमाइलोमा दिन बित्नेछ |
| मिथुन | : मानसिक असन्तुष्टि बढ्नेछ | धनु | : जोश जागर आउनेछ |
| कर्कट | : ज्ञानगुनका कुरा जान्न पाइनेछ | मकर | : समयले साथ दिनेछ |
| सिंह | : काम अपुरै रहने देखिन्छ | कुम्भ | : राम्रो समाचार सुन्न पाइनेछ |
| कन्या | : मनमा निरासा उत्पन्न हुनेछ | मीन | : शुभ नतिजा आउनेछ |

# स्टार्टअप उद्यमलाई राज्यबाट कर्जा



✍ अचुत कुमार ओझा



नवीन सोच र प्रविधिका साथ सुरु गरिएको नयाँ व्यवसायलाई 'स्टार्टअप उद्यम' भन्न सकिन्छ । पुराना उत्पादन र सेवा प्रणालीलाई नवीनतम तरिकाबाट सञ्चालनमा ल्याइएको छ भने पनि त्यो स्टार्टअफ उद्यम अन्तर्गत पर्छ । यस्ता व्यवसाय अर्थात् उत्पादनले सुरुमा बजार पाउन गाह्रो हुन सक्छ । तर समय, परिस्थिति र उपभोक्ताको बदलिँदो चाहना र इच्छाका कारण जब यस किसिमका उद्यमीको वस्तु र सेवामा ग्राहकको रुचि बढ्छ, तब सफलता र आम्दानी प्रचुर मात्रामा प्राप्त हुने सम्भावना रहन्छ ।

स्टार्टअप उद्यमको थालनी र लगानी गर्न विभिन्न व्यवधान रहन्छ । जब उद्योगले समाजबाट विश्वास आर्जन गर्न थाल्छ, तब आम्दानी स्वयं उद्योगीले कल्पना गरेभन्दा बढी हुने प्रबल सम्भावना रहन्छ । हालै २०८० माघ १९ गते औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (यसपछि प्रतिष्ठान मात्र लेखिनेछ) ले 'स्टार्टअप उद्यम कर्जा' लिन इच्छुकका लागि सूचना आह्वान गरेको छ । स्टार्टअप उद्यम क्षेत्र भनेर प्रतिष्ठानले तोकेका १६ क्षेत्रहरूमा काम गरिरहेकाले २१ दिनभित्र कर्जाका लागि निवेदन दिन सक्छन् ।

प्रतिष्ठानले तोकेको क्षेत्र भन्नाले निम्न क्षेत्रअन्तर्गत पर्छन्– १) कृषि तथा पशुपन्छीसँग सम्बन्धित, २) वन पैदावर, पर्यटन प्रवर्द्धन तथा मनोरञ्जन र अतिथि सत्कार, ३) विज्ञान, प्रविधि, सूचना तथा सञ्चार, ४) मानव स्वास्थ्य सेवा, ५) शिक्षा तथा शिक्षण सिकाइ, ६) सहज र सुरक्षित यातयात तथा पारवहन सेवा, ७) अटोमोबाइल, ८) परम्परागत प्रविधि, ९) उत्पादन र सेवा प्रवाहको प्रक्रिया सुधार, १०) खानी तथा खनिज अनुसन्धान र विकास, ११) घरायसी वा दैनिक जीवनयापन, १२) खाद्य उत्पादन तथा प्रशोधन, १३) फोहोरमैला व्यवस्थापन तथा वातावरण संरक्षण, १४) विपद् व्यवस्थापन, १५) वैकल्पिक तथा नवीकरणीय ऊर्जा, १६) जलवायु परिवर्तन न्यूनीकरणसँग सम्बन्धित क्षेत्र ।

अन्तर्राष्ट्रिय भूमिमा पुरानो र प्रचलनमा रहेका व्यवसाय पनि हाम्रा लागि स्टार्टअप हुन सक्छन् । ती सेवा र वस्तु हाम्रा लागि नयाँ हुन सक्छन् । अर्कोतिर स्टार्टअप व्यवसाय क्रमशः पुराना वा युनिकर्न हुन पुग्छन् । उदाहरणका रूपमा हेर्ने हो भने, सन् १९९० मा 'डटकम' व्यवसाय स्टार्टअप उद्यमका रूपमा विकास भइरहेको थियो । यस क्षेत्रमा लगानी गर्न भेन्चर क्यापिटलहरू तँछाडमछाडको अवस्थामा लागिपरेका थिए । पछि यस उद्यमको बल्ब फुट्यो । धेरै लगानी र भेन्चर क्यापिटलहरू घाटामा गए ।

यस्तै, कुनै बेला अमेजोन र अलिबाबा जस्ता अनलाइन क्षेत्रमा काम गर्ने कम्पनी स्टार्टअप नै थिए । एप्पल, माइक्रोसफ्ट, मेटा, फेसबुक, गुगल, टेस्ला, क्रिप्टोकरेन्सी आदिलाई पनि स्टार्टअपकै रूपमा लिइन्थ्यो । तिनीहरू अहिले हुर्केर युनिकर्न भए । अर्थात् आज विश्वको अर्थतन्त्रको मूल मेरुदण्ड तिनै छन् । नेपालमा हेर्ने हो भने कुनै समय एफ वान (ई-सेवा), पठाओ, फुडमान्डु, दराज, नमस्ते पे र नेपाली पात्रोजस्ता चल्तीका व्यवसायलाई स्टार्टअप उद्यमका रूपमा पहिलो पङ्क्तिमा राखेर उदाहरण दिने गरिन्थ्यो । नेपाल वायर हाउस कम्पनी, मुक्तिनाथ कृषि कम्पनी, मङ्का चिया, बनाना घर र माटो ब्रान्डलाई स्टार्टअप उद्यमका रूपमा देख्न सकिन्थ्यो । विश्वमा बढ्दै गरेको युनिकर्न र यसमा निर्भर हुँदै गएको विश्व अर्थतन्त्रलाई हेर्दा नेपालमा सुरुवात गरेको स्टार्टअप उद्यमलाई युनिकर्नका रूपमा देख्न सक्ने अवसर आजको प्रविधिको विकासले दिएको छ ।

हिजो स्टार्टअपकै रूपमा थोरै लगानीबाट प्रारम्भ गरेको ई-सेवा र दराज कम्पनीहरू अहिले अर्बौंमा कारोबार गर्दै छन् । हजारौँलाई स्वदेशमा रोजगारी दिँदै छन् । राज्यको ढुकुटीमा करोडौं योगदान दिइरहेका छन् । यसैले आगामी दिनमा नेपाली समाजमा उदाउने स्टार्टअप पनि यीभन्दा अझ अब्बल हुन सक्ने प्रशस्त सम्भावना देखिन्छ ।

'राष्ट्रिय स्टार्टअप उद्यम नीति, २०७९' (मस्यौदा) ले स्टार्टअप उद्यमका बारेमा प्रस्ट पारेको छ । जस अनुसार, नवीन अन्वेषण एवं सिर्जनशील सोचको प्रयोग गरी व्यावसायिक रूपमा सञ्चालन भई स्तरोन्नतिको सम्भावना रहेको उद्यम वा व्यवसाय स्टार्टअप भनिन्छ । ५० लाखभन्दा कम चुक्ता पुँजी भएका, वार्षिक कुल आम्दानी ५० लाखभन्दा कम भएको, १० जना भन्दा कम स्थायी कर्मचारी भएका, कानुन बमोजिम दर्ता भएका र स्थिर पुँजी (घर जग्गाको मूल्य समेत) दुई करोडभन्दा बढी नभएका आदि विशेषता रहेका उद्योगलाई स्टार्टअप उद्यम भन्न सकिने उद्यम नीति (मस्यौदा)मा उल्लेख छ ।

पुँजी अभावका कारण युवाका आइडिया नमरोस्, उनीहरू स्वदेशमै बस्ने वातावरण बनोस् र देशमा रोजगारीको अवसर सिर्जना हुन सकोस् भन्ने उद्देश्यका साथ प्रतिष्ठानले स्टार्टअप कर्जा सुविधा कार्यक्रम ल्याएको देखिन्छ, जुन सकारात्मक छ ।

### कर्जाका लागि न्यूनतम योग्यता

प्रतिष्ठानले जारी गरेको सूचनालाई हेर्दा कुल चुक्ता पुँजी न्यूनतम दुई लाखभन्दा कम अधिकतम १० लाखभन्दा बढी हुनु हुँदैन । प्रचलित कानुनबमोजिम दर्ता भई निवेदन दिने अन्तिम मितिसम्म उद्यमले सात वर्ष ननाघेको हुनुपर्नेछ । माथि भनिएझैं तोकिएको १६ क्षेत्रभित्रको उद्यम हुनुपर्नेछ । वार्षिक कुल कारोबार दुई करोड रुपैयाँभन्दा बढी हुनु हुँदैन । यस्तै, स्थिर पुँजी घर-जग्गाको मूल्यबाहेक दुई करोडभन्दा बढी हुनु हुँदैन । प्यानमा दर्ता भएको, कानुनबमोजिम दर्ता वा नवीकरण गरिएको, करचुक्ता र लेखापरीक्षण गरिएको उद्यम हुनुपर्छ ।

नवीनतम सोच र प्रविधिको प्रयोग भएको हुनुपर्ने, पूर्णकालीन कामदार भएको हुनुपर्ने, प्रचलित कानुन अनुसार कालो सूचीमा नपरेको हुनुपर्ने, होल्डिङ तथा लगानी कम्पनीका रूपमा दर्ता भएको हुन नहुने लगायतका विविध योग्यता भएको उद्यम हुन आवश्यक छ ।

### प्रस्ताव कसरी गर्ने ?

न्यूनतम पाँच लाखदेखि अधिकतम २५ लाख रुपैयाँसम्मको कर्जा लिन चाहने स्टार्टअप उद्यमीले यही फागुन १० गतेभित्र प्रतिष्ठानको त्रिपुरेश्वरस्थित कार्यालयमा प्रस्ताव पेस गर्नुपर्नेछ । 'स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८०' को अनुसूची १ मा प्रस्तावको ढाँचा उल्लेख छ, जुन इन्टरनेटमा पनि उपलब्ध छ । प्रस्तावसँगै आवश्यक कागजपत्र (करचुक्ता, लेखापरीक्षण, दर्ता वा नवीकरण प्रमाणपत्र, प्यान कार्ड आदि)को प्रतिलिपि समावेश गर्नुपर्छ । सर्ट लिस्टिङमा परेर प्रस्तुतीकरणका लागि योग्य भएमा आफ्नो उद्यमबारे प्रस्तुति दिनुपर्नेछ । अन्तिम छनोटमा परेमा प्रतिष्ठानको सिफारिससहित राष्ट्रिय वाणिज्य बैंकमा गएर परियोजना धितो राखेर कर्जा सम्झौता गरी कर्जा प्राप्त गर्न सकिन्छ ।

### लाभ

कतिपयले आफूमा भएका नवीनतम सोच र ज्ञानलाई सुरुवाती चरणमा पुँजी अभावका कारण उद्यममा रूपान्तरण गर्न नसकिरहेका हुन सक्छन् । वा, व्यवसाय विस्तार गर्न नसकेर रोकिएका हुन सक्छन् । यस्ता नवउद्यमीलाई प्रोत्साहन गर्न र उद्यमी जन्माउन स्टार्टअप उद्यम कर्जाले सहयोग पुर्‍याउँछ । बजारको चलनचल्ती दरभन्दा धेरै सस्तो (तीन प्रतिशत वार्षिक ब्याजदर)मा कर्जा प्राप्त हुने हुँदा लागत घट्न गई उद्योगको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि भई सुलभ मूल्यमा वस्तु तथा सेवा बिक्री गर्न सकिन्छ । धितो राख्न सम्पत्तिको आवश्यकता नहुने हुँदा कुनै सम्पत्ति नभए पनि उद्यम सञ्चालन गर्ने वातावरण निर्माण हुन्छ । धितोका रूपमा सम्बन्धित परियोजना नै राखिन्छ । कर्जा लिएको दोस्रो वर्षबाट मात्रै किस्ता तिर्दा हुन्छ । कर्जाको अग्रिम भुक्तानीमा कुनै शुल्क लाग्दैन । अन्तिम छनोटमा परेका परियोजनाले प्रतिष्ठानबाट परामर्श तथा प्रशिक्षण समेत पाउनेछन् ।

विश्व स्टार्टअप इकोसिस्टम प्रतिवेदन, २०२० बमोजिम विश्वभर रहेको स्टार्टअप व्यवसायका आकार तीन ट्रिलियन अमेरिकी डलर पुगेको छ । 'म्यापिङ अफ नेपाल्स इभोल्भिङ स्टार्टअप इकोसिस्टम, २०१९' का अनुसार नेपालमा अहिले करिब चार-पाँच सय स्टार्टअप व्यवसाय 'इन्क्युबेसन' र 'एक्सिलेरेसन'को प्रक्रियाबाट अघि बढिरहेका छन् । इन्क्युबेसनले आइडियाको चरणमा रहेका उद्यमशीलतालाई अगाडि बढाउन र एक्सिलेरेसनले भइरहेका उद्यमशीलतामध्ये तीव्र विस्तारको अवसर भएकाको स्तरोन्नति गर्न मद्दत गर्छन् । स्टार्टअप व्यवसायमा इक्विटी वा ऋणमा लगानी गर्न वैकल्पिक लगानी कोषको सुरुवात अमेरिकामा सन् १९६० देखि सुरु भएको पाइन्छ । भारतमा प्राइभेट इक्विटीको विकास १९८८ मा भएको र पछि सन् २०१२ मा वैकल्पिक लगानी सम्बन्धी कानुन आएको थियो ।

पाकिस्तान र बंगलादेशमा सन् २०१५ मा वैकल्पिक लगानी कानुनको व्यवस्था भएको पाइन्छ । तर नेपालमा विशिष्टकृत लगानी कोष नियमावली, २०७५ लागू भएपछि धितोपत्र बोर्डले 'प्राइभेट इक्विटी', 'भेन्चर फन्ड' र 'हेज फन्ड'जस्ता १२ वटा विशिष्टकृत लगानी कोषलाई आव २०७९/२०८० सम्म अनुमतिपत्र प्रदान गरेको छ । नेपालमा रहेका सीमित संख्याका भेन्चर क्यापिटल, प्राइभेट इक्विटी तथा हेज फन्ड कम्पनीको सक्रियताले मात्र स्टार्टअप उद्यममा लगानी गर्न पर्याप्त नहुने देखिन्छ । जसले स्टार्टअप उद्यमका लागि आवश्यक पर्ने सुरुवाती पुँजी पाउन निकै जटिल छ भन्ने देखाउँछ । यसका लागि राज्यले नै विशेष पहल गर्नु अति आवश्यक छ ।

विगतका वर्षहरूमा स्टार्टअप उद्यमका लागि राज्यले बजेटमार्फत घोषणा गरेको च्यालेन्ज फन्ड कार्यान्वयनमा आउन सकेको थिएन । एकातिर व्यवसाय सुरु गर्न आधार पुँजी अभाव हुने र अर्कोतिर घोषणा गरिएका कार्यक्रम कार्यान्वयनमा नआई स्टार्टअप उद्यमीहरू पुँजीको अभावमा भौंतारिनुपर्ने अवस्था थियो । प्रतिष्ठानका वर्तमान नेतृत्व ई. उमेश कुमार गुप्ता (रौनियार)ले राज्यबाट बजेटमा घोषणा गरिएको स्टार्टअप उद्यम कर्जा परिचालनमा सक्रियता देखाएका छन् ।

*(साभार: रातोपाटी)*

# नेपाली पहिचानवाद घृणावादको विदेशी घोडा चढेर अफगानिस्तानतिर बढ्दैछ कि !



✍ डा. गोविन्दशरण उपाध्याय

मौलिकता, रैथाने, मूलआदि शब्दहरू आजभोलि नेपाली संकथनमा निकै प्रचलनमा आउन थालेका छन् । माओवादीले विद्रोह गर्दा उपर्युक्त शब्दहरू नेपालको इतिहास निर्माण गर्ने संस्कृति सभ्यतासँग जोडेर हेर्ने र बुझ्ने गरिन्थ्यो । माओवादीले 'सांस्कृतिक क्रान्ति' गरेर मौलिकताको नामोनिसान मेटाउने प्रतिज्ञा गरेका थिए । हुन त, चीनमा माओत्से तुङ, रूसमा लेनिन आदिको नेतृत्वमा पनि इतिहास मेट्ने निकै प्रयत्न भएको थियो । तर यी दुवै देशले 'कोर्स' परिवर्तन गरेर पुनः इतिहासतिर नै फर्केका छन् ।

मार्क्सवादी सिद्धान्तविरुद्ध आज विश्वभर नै 'पहिचान'का आवरणमा सम्बन्धित समुदायले आफ्नो रैथाने मौलिक परिचय खोज्दैछ । नेपालमा 'वर्ग'मा विश्वास गर्ने र वैश्विकतहमा समाजवादको एकल राष्ट्र निर्माणको सपना देख्ने कम्युनिस्टहरू विभिन्न मनोवादी सिद्धान्तहरूको परिकल्पना गरेर 'परिचयवाद'लाई मलजल गर्दैछन् । नेपालको परिचयवाद माओवादीले घोषणा गरेको सांस्कृतिक क्रान्तिको अवशेष हो भन्न सकिन्छ । आफ्नो क्रान्तिताका माओवादीले सांस्कृतिक क्रान्तिको विगुल केवल हिन्दू संस्कृतिविरुद्ध फुकेको थियो इसाई, मुस्लिम आदिविरुद्ध होइन ।

जेहोस्, कोसी प्रदेशमा माओवादी पहिचानको पक्षमा उभिएर चिनियाँ मोडेलको सांस्कृतिक क्रान्तितिर फर्कन चाहेको जस्तो देखिन्छ । एउटा समुदायले आफ्नो मौलिक पहिचानको माग राख्नु स्वाभाविक हो, तर परिचयको माग आफ्नै घर जोडिएको छिमेकीलाई घृणा गरेर हुन्छ भन्ने भाष्यचाहिँ कसले दिमागमा प्रविष्ट गराएर मलजल गर्यो ? अनुसन्धानको विषय हो । राजनीतिक दलहरूलाई असजिलो परेको बेला अमेरिकी वा भारतीय आदिलाई दोष दिएर उम्कने स्वभावबाट नेपाली जनताले भेउ नै पाउन सकेका छैनन् । यो अवस्था कहिलेसम्म रहने हो ? भन्न सकिन्न ।

पुनः रैथाने वा मौलिकताको प्रसंगमा फर्कौं । रैथाने वा मौलिक शब्दप्रति मोह हुनु र जीवनमा मौलिकता स्वीकार गरेर जीवन यापनको साध्य बनाउनु ज्यादै फरक तथ्य हुन् । उदाहरणका लागि जतिसुकै मौलिकताको कुरा गरे पनि यतिखेर ३० वर्षअघिको काठमाडौं असम्भव विषय हो भने पृथ्वीनारायणकालीन मौलिकताको त परिकल्पना पनि गर्न सकिन्न ।

कुनै पनि व्यक्तिले टेलिभिजन, मोबाइल वा विज्ञानले उपलब्ध गराएका साधनहरू परित्याग गरेर वि.स. २००० तिरको जीवनशैली अपनाउन सक्दैन । आजका लागि मौलिकता एउटा शास्त्रीय विषयवस्तु बनेको छ । मौलिकताको अर्थ यतिमात्र हो कि समुदायले आफ्नो भाषा, संस्कृति, भूगोलसहित सकेसम्म सम्मानजनक इतिहास जान्न चाहन्छ ।

सही र व्यावहारिक अर्थमा मौलिकता र रैथाने अवस्था फर्किनै नसकिने माग हुन्, मान्यता हुन् । मौलिकताको पक्षमा उभिँदा गौरवको अनुभूति भए पनि सम्बन्धित समुदाय वा व्यक्तिले मौलिकताका धेरै विषयवस्तुहरू, व्यवहारहरू स्वीकार गर्न सक्दैनन् । आजको सामाजिक, सांस्कृतिक, धार्मिक तथा राजनीतिक परिवेशमा ती मौलिकताहरू अस्वीकार्य नै हुन्छन् ।

उदाहरणका लागि बालविवाह एउटा यस्तो मौलिक सामाजिक क्रियाकलाप थियो जुन ४० वर्ष अगाडिसम्मको नेपालमा सबै नेपालीहरूमा स्वीकार्य थियो । आज मानसिकरूपले कुनै पनि नेपाली त्यसमा फर्कन चाहन्न न राज्यको कानुनले त्यसो गर्न अनुमति नै दिन्छ । यस्ता असंख्य उदाहरणहरू छन् । आजको परिवेशमा असम्भव छन् ।

नेपालीको मौलो शब्दबाट मौलिक बनेको हो । पोखरीहरूको प्रयोग हुँदा पोखरीको माँझमा सालको अग्राखबाट बनेको एउटा थाम गाडिन्थ्यो । तेसको शास्त्रीय मान्यतातिर नजाऔं तर यो मौलोले पृथ्वीको मध्यभागको प्रतिनिधित्व गरिरहेको हुन्थ्यो । सम्पूर्ण संसार नै त्यसैको आश्रम हुन्छ भने अर्थ लाग्थ्यो । यसरी मौलिकताको अर्थ केन्द्र हो । बुद्धिजीवी तथा ज्ञानीहरूका लागि मौलिकताको अर्थ हो आफ्नो देश, संस्कृति तथा चिन्तनलाई प्राथमिकता दिएर अन्य सबैको सम्मान गर्नु । नेपाली संस्कृतिले हजारौं वर्षदेखि उपर्युक्त प्रतिमानलाई शब्दशः पालन गर्दै आएको छ । यो प्रतिमानलाई जीवन दर्शन बनाएर हरेक नेपालीले आफ्नो अस्तित्व जोगाएको हो ।

आजको जस्तो घृणावादमा आधारित समावेशीकरणको अभ्यास हुन्थ्यो भने नेपालमा १३१ जातजाति र १३३ भाषाको अस्तित्व इरान, इराक, साउदी, क्यानडा, युएसएझैं इतिहासका गर्तमा हराई सक्थे वा अफगानिस्तानमा झैं कहिले नसुल्झिने 'कौमी जिर्गा' परिणत हुन्थ्यो ।

दुर्भाग्यवश, आजको नेपाली पहिचानवाद घृणावादको विदेशी घोडा चढेर अफगानिस्तानतिर बढ्दैछ कि भन्ने डर लागेको छ । असलमा, मौलिकताको अर्थ हो- आफ्नो धर्म, संस्कृति, सभ्यता तथा चिन्तनलाई माँझमा राखेर विश्वभरिका श्लील प्रतिमानहरूको स्वागत गर्नु । नेपाली संस्कृतिको निर्माण नै अरूलाई स्वीकार गर्ने प्रतिमानबाट भएको हुँदा अन्यलाई स्वीकार्न कुनै गाह्रो हुँदैन । समस्या नेपालीहरूसँग होइन ती विदेशी धार्मिक तथा राजनीतिक अनुयायीहरूसँग छ जसको सिद्धान्तमा बहुलतावाद सधैं अस्वीकार्य रहेको छ । तर नेपाली राजनीतिक शक्तिहरूले नेपालको मौलिक सांस्कृतिक समूहसरह तिनलाई मान्यता दिने प्रतिबद्धता जनाउँछन् ।

हरेक राष्ट्रको पहिचान त्यस राष्ट्रका जनताले परापूर्वकालदेखि मान्दै, गर्दै आएका मानवीय गतिविधि नै हुन् । कुनै राष्ट्र वा समाज वा व्यक्तिले आफ्नो मौलिकता अस्वीकार वा तिरस्कार गर्छ भने उसले आफ्नो राष्ट्रियतालाई अस्वीकार गरिरहेको छ ।

नेपालका हकमा हिन्दू, जैन, बौद्ध बोन्पो, किरातहरू मौलिक तथा रैथाने धर्म हुन् भने ती समूहले परापूर्वकालदेखि निर्माण गरेका ग्रन्थहरू, व्यवहारहरू, शैलीहरू, भाषाहरू पहिचान हुन् । कसैले आफूलाई नेपाली भन्छ, तर नेपाली प्रतिमानहरूलाई स्वीकार गर्दैन भने ऊ नागरिकताको खोस्टोले अधिकारप्राप्त गरेको विदेशी आक्रमणकारी नै हो । देशमा यस्ता थुप्रै आक्रमणकारी छन् । ती आक्रमणकारीहरूको पहिचान नै घृणावादमा आधारित 'अन्ग्रेजियत' हो ।


दोहोर्याएर भन्नैपर्छ, आजको समाजमा पूर्ण रैथानेपन सम्भव छैन र भयो भने पनि त्यो ज्यादै अमिल्दो हुन्छ । तर, आफ्नो मौलिक संस्कृति र प्रतिमानलाई केन्द्रविन्दु (जरोकिलो)का रूपमा स्वीकार गरेर नवीनतम संस्कृतिको पनि स्वाद लिन सकिन्छ । स्वदेशी मस्तिष्कभित्र अन्यलाई सजिलै स्वागत गर्न सकिन्छ ।

आफ्ना कुरा भन्न र देखाउन सकिन्छ भने अर्काका कुरा पनि सुन्न र बुझ्न सकिन्छ । स्वत्वको परित्याग गरेर विदेशी प्रतिमानको पछाडि कुद्नु सांस्कृतिक आत्महत्या हुनेछ । यसै विषयलाई श्रीकृष्णले स्वधर्ममा मृत्यु धेरै ठीक हुन्छ भन्दै अर्जुनलाई आफ्नो गुणधर्मअनुसार युद्ध वा सन्यासमध्ये एउटा रोज्न स्वतन्त्रता प्रदान गरेका थिए ।

आज हामी नेपालीहरूका अगाडी सम्पूर्ण विश्व उभिएको छ । हाम्रो बेडरूममा समेत विदेशी प्रतिमानहरूले प्रवेश बनाएका छन् । त्यसको प्रतिकार गर्नुको सट्टा आफ्ना मौलिक प्रतिमानहरूको बेडरुमसम्म प्रवेश सुनिश्चित गर्नु हाम्रो कर्तव्य हुन्छ ।

*(साभार: बाह्रखरी)*

# माओवादीकै ४० बुँदेको शैलीमा प्रचण्डलाई राप्रपाको मागपत्र



काठमाडौं / राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले ४० बुँदे मागपत्र प्रधानमन्त्रीलाई बुझाउँदै सडक आन्दोलन थालेको छ । चैतबाट काठमाडौं केन्द्रित गर्ने तयारीमा रहेको राप्रपाले बुधबार अन्यत्र प्रमुख जिल्ला अधिकारी र काठमाडौंमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई मागपत्र बुझाएको छ ।

भृकुटीमण्डपमा सुरु भएको प्रदर्शन भद्रकालीमा पुगेपछि शीर्ष नेताहरु ज्ञापनपत्र बुझाउन सिंहदरबारतिर लागेका थिए भने प्रदर्शनकारीहरु सुन्धारा, आरएनएसी हुँदै फेरि भद्रकाली पुगेका थिए । त्यतिन्जेल अध्यक्ष राजेन्द्र लिङ्देन, वरिष्ठ नेता पशुपतिशम्शेर राणा सहित नेताहरु सिंहदरबार पुगेर प्रधानमन्त्रीलाई ४० बुँदे ज्ञापनपत्र बुझाए ।

संयोग ! ०५२ फागुन १ मा सशस्त्र संघर्ष थाल्नुअघि तत्कालीन माओवादीले तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई ४० बुँदे माग बुझाएको थियो । त्यसमा पनि राजा र राजपरिवारको सबै विशेषाधिकार अन्त्य गर्नुपर्ने लगायत तत्कालीन सरकारले सम्बोधन गर्न नसक्ने मागहरु समावेश थिए ।

१० वर्ष लामो सशस्त्र संघर्षपछि शान्तिपूर्ण राजनीतिमा आएर प्रधानमन्त्री भएका प्रचण्डलाई राप्रपाले पनि ४० बुँदे ज्ञापनपत्र बुझाएको छ ।

राप्रपाको मागपत्रमा अभिभावकीय भूमिकामा संवैधानिक राजसंस्था, सर्वधर्म समभावपूर्ण धार्मिक स्वतन्त्रता सहितको वैदिक सनातन हिन्दु अधिराज्य, प्रदेश संरचनाको खारेजी, जनताबाट प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री जस्ता सैद्धान्तिक माग छन्, जुन प्रधानमन्त्री वा सरकारले चाहेर मात्र सम्बोधन गर्न सम्भव छैन ।

**राजनीतिक मागमा केही भन्नु छैन**

राप्रपा नेताहरुको मागपत्र बुझेपछि प्रधानमन्त्री प्रचण्डले त्यसको प्रष्ट संकेत गरेका छन् । ज्ञापनपत्र पढ्दै जाँदा सरकारले सुरु गरेको कामहरुलाई नै समेटेको पाएको बताए ।

'भुटानी शरणार्थीको यत्रो ठूलो अनुसन्धान कारबाही भयो, ललिता निवासको अनुसन्धान गरेर अहिले मात्र १४३ रोपनी जग्गा सरकारको नाममा आयो । सुन तस्करीको पनि आफैंले पहल गरेर कारबाही अगाडि बढाइएको छ', प्रधानमन्त्रीले भने, 'जहाँ पढ्दै जाँदा मैले सबै गरेको छु नि । राप्रपाले धन्यवाद छ सरकार भनेको भएपनि हुन्थ्यो भन्ने लाग्यो ।'

राजनीतिक मागहरुमा भने आआफ्नो मत भएकाले केही नभन्ने उनले बताए । 'विचारको दृष्टिकोणले आ-आफ्ना मतहरु छन्, यसमा केही भन्नु छैन', उनले भने, 'तपाईंहरुले गर्ने विरोध शान्तिपूर्ण होस्, लोकतान्त्रिक सीमाभित्र नै होस् र, जनतालाई प्रशिक्षित गर्ने ढंगले होस् भन्ने मेरो अनुरोध छ ।'

राप्रपा अध्यक्ष लिङ्देनले भने तत्काल सम्बोधन गर्न सकिने विषय काम थालेर आफूहरुलाई आश्वस्त पार्न आग्रह गरे । 'कतिपय सैद्धान्तिक विषय छन्, त्यसमा हामीले हिँडिरहेको बाटो बाटो ठीक भएन कि भनेर सरकारले छलफल प्रारभ गरोस्', उनले अगाडि भने, 'कहिलेकाहीँ राम्रो बाटो भनेर सोचिएको चिज पनि अलि पर गएपछि मिलेन छ भन्ने हुन्छ । त्यो विन्दुमा देश आइपुगोस् ।'

तर प्रधानमन्त्री प्रचण्डले राप्रपाले उठाएका सैद्धान्तिक मुद्दामा छलफल गर्ने संकेत गरेनन् । बरु संक्रमणकालीन न्यायसम्बन्धी विधेयकमा सहयोग मागेका छन् । 'राजनीतिमा असम्भव भन्ने केही हुन्न । सम्भावनाको खेल हो । त्यसकारण हुनसक्छ परिर्वतन होला', उनले भनेका छन्, 'तर शान्ति त हामीलाई चाहिएको छ, फेरि युद्ध फेरि हिंसा नहोस् भन्नेमा हामी सबै सजग छौं ।'

शान्ति प्रक्रिया अन्तिम चरणमा रहेको र केही दिनमा विधेयक पास गर्नुपर्ने भन्दै उनले सहयोग मागे । राजनीतिक आग्रह पूर्वाग्रह नराख्ने हो भने विधेयकका विषयवस्तुमा सबै पक्षबीच लगभग समझदारी भएको भन्दै उनले भने, 'छिटै हामीले टुंगाउन लागेको विलमा मदत गरिदिनुहोला भन्ने अनुरोध छ ।'

**शक्ति आर्जनको प्रयास**

संवैधानिक राजसंस्था, वैदिक सनानत हिन्दु राज्य, प्रदेश संरचनाको खारेजी जस्ता संवैधानिक माग मागपत्र बुझाएर होइन, ०६२/६३ को दोस्रो जनआन्दोलनभन्दा ठूलो आन्दोलनले पूरा हुँदैन भन्ने राप्रपाका नेताहरुले राम्ररी बुझेका छन् । अनि अहिले नै राप्रपाले त्यति ठूलो आन्दोलन गर्ने सम्भवना पनि देखिँदैन ।

तैपनि संवैधानिक राजसंस्था, वैदिक सनानत हिन्दु राज्य, प्रदेश संरचनाको खारेजी लगायतको एजेण्डा लिएर राप्रपा सडकमा आएको छ । नेताहरुका अनुसार यो जनताको विश्वास आजर्न गर्दै शक्ति बढाउने रणनीतिक कदम हो ।

किनकी पछिल्लो समय जनतामा असन्तुष्टि बढ्दो छ । परम्परागत दलहरु प्रतिको त्यही असन्तुष्टिमा टेकेर ०७९ को निर्वाचनमा नयाँ दलहरु राप्रपाभन्दा ठूला भए । पछिल्लो एक/डेढ वर्षको गतिविधिका कारण नयाँ दलहरुमथि प्रश्न उठ्दा नागरिकको उकुसमुकुस बढेको छ । तर राप्रपा माथि नागरिकले अझै विश्वास गरेका छैनन् ।

त्यसैले हिन्दु राष्ट्र, संवैधानिक राजतन्त्र जस्ता एजेण्डाप्रति राप्रपा प्रतिवद्ध छ र उसले शक्ति आर्जन गर्ने हो भने यो एजेण्डा लागू गर्छ भनेर नागरिकलाई भरोसा दिलाउन पनि आन्दोलनमा आउनुपरेको राप्रपाका नेताहरु बताउँछन् । 'हामीले उठाएका एजेण्डाको समर्थनमा जनमत बढ्दो छ, तर राप्रपाले नागरिकको विश्वास आर्जन गर्न सकेको छैन', एक पदाधिकारी भन्छन्, 'हाम्रो विगत र वर्तमानका कारण यिनीहरुले पार लगाउँछन् भन्ने लागेको छैन ।'

नागरिकलाई भरोसा दिलाउने हो भने क्रमशः आन्दोलन उठ्ने राप्रपाको विश्लेषण छ । त्यो बेला प्रदेश मात्र होइन, प्रतिनिधिसभा सदस्य समेत छाडेर सडकमा जाने नेताहरु बताउँछन् । 'त्यसले सत्ता नै उलटफेर हुन्छ भन्दा पनि हामीले भन्दै आएको नविन सम्झौताको ढोका खोल्छ' राप्रपाका एक नेता भन्छन्, 'हामी गन्तव्य (संवैधानिक राजतन्त्र र हिन्दु राष्ट्र) नजिक त पुग्छौं नि !'

प्रधानमन्त्रीलाई मागपत्र बुझाएपछि भृकुटीमण्डपको सभालाई सम्बोधन गरेका राप्रपा अध्यक्ष लिङ्देनले पनि आफूहरुलाई उपेक्षा गरे परिस्थिति बिग्रनसक्ने चेतावनी दिएका छन् । तीन दलका अध्यक्षहरुको नाम लिँदै उनले भने, 'तपाईंहरुले उपेक्षा गर्नुभयो, राप्रपाको अहिंसा र प्रजातन्त्रप्रतिको प्रतिवद्धतालाई कमजोरी ठान्नुभयो भने कठोर बन्दै गएर विद्रोहमा परिणत हुनसक्छ, हेक्का राख्नुहोस् ।'

*(स्रोत: अनलाइनखबर)*

# 'रङ्गेली' ट्रेलरमा सत्ता, शक्ति र डरको कथा



काठमाडौं/महाशिवरात्रीको अवसर पारेर यही फागुन २५ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'रङ्गेली'को ट्रेलर सार्वजनिक गरिएको छ । बुधवार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक ३ मिनेट १५ सेकेण्ड लम्बाईको ट्रेलर रङ्गेली सहरमा राज गर्न चाहने विभिन्न समूहबीचको द्वन्द्वमा केन्द्रित छ । सत्ता, शक्ति र डरको माध्यमबाट कथा भनिएको ट्रेलरमा तराईं क्षेत्रमा घटेका विविध घटना र आयामलाई पनि दृश्यमार्फत् देखाइएको छ ।

'रङ्गेली'लाई अर्जुन सुवेदीले लेखन तथा निर्देशन गरेका हुन् । फिल्ममा दयाहाङ राई, मिरुना मगर, अर्पण थापा, प्रवीण खतिवडा, रमेश बुढाथोकी, रुपेश झा, सुन्दर धिताल लगायतको प्रमुख भूमिका रहेको छ । फिल्मका गीतहरुमा हर्क साउद, अर्जुन सुवेदी र सबिन एकतारेको शब्द रचना तथा सुशान्त गौतम र हर्कुलस बस्नेतको संगीत छ ।

फिल्मका कार्यकारी निर्माताहरु जीतेन्द्र खतिवडा र अनुज जङ्ग थापा हुन् । निर्माताहरु संसार चौलागाईं र रमेश भट्टराई वशिष्ठ हुन् भने युवक कार्की र शिव शंकर चौलागाईं सह-निर्माता हुन् । विवेक खड्का (योलो) एशोसियट निर्माता हुन् । फिल्मका छायाँकार सुशन प्रजापति हुन् ।

निर्देशक सुवेदले 'रङ्गेली' दर्शकले चाहेको जस्तो फिल्म बनाउने कोसिस गरेका बताएका छन् । उनले भने, 'प्रचण्ड गर्मीको मौसममा तराई क्षेत्रमा धेरै मेहनत गरेर यो फिल्म बनाएका छौं । 'रङ्गेली'को कथा तराई क्षेत्रको हो ।' त्यस्तै, अभिनेता रुपेश झाले फिल्मले तराईंको कथा मात्र नभइ त्यहाँको संस्कृति पनि झल्काउने बताएका छन् ।

# 'रुमानी रंग'मा साम्राज्ञी र धीरजको जोडी



काठमाडौं / अभिनेत्री साम्राज्ञी आरएल शाह र अभिनेता धीरज मगरको एकपटक फेरि फिल्ममा जोडी बाँधिने भएको छ । नयाँ फिल्म 'रुमानी रंग'मा उनीहरुले एकसाथ काम गर्न लागेका हुन् । बिहीबार फिल्मको निर्माण घोषणा गरिँदैछ ।

'इन्टु मिन्टु लण्डनमा' पछि केही मेकरहरुले यो जोडीलाई दोहोऱ्याउन खोजेको भए पनि सम्भव हुन सकेको थिएन । अब दोस्रोपटक उनीहरु एकसाथ देखिँदैछन् ।

'डायरी' निर्देशक अनिल योञ्जनको निर्देशनमा बन्न लागेको 'रुमानी रंग'मा पहिला अभिनेता आर्यन अधिकारीको मुख्य भूमिका रहने जनाइएको थियो । तर, अब उनी फिल्ममा नरहने स्रोत बताउँछ । फिल्मलाई हरि मल्ल ठकुरी र जिएम ठकुरीले निर्माण गर्नेछन् । फिल्ममा हरि मल्ल स्वयंको कथा र निर्देशक योञ्जनको पटकथा तथा संवाद छ । फिल्मको सम्पूर्ण छायांकन अष्ट्रेलियामा गरिनेछ ।

साम्राज्ञीले गत साता मात्र फिल्म 'लण्डन टू पेरिस'को छायांकन पूरा गरेकी छन् भने धीरजले हालै फिल्म 'खुस्मा'को पहिलो चरणको छायांकन सकाएका छन् । योसँगै उनको पाइपलाइनमा निर्देशक मुस्कान ढकालको फिल्म 'पञ्चामृत' पनि छ । तर, यो फिल्मको निर्माण नै अन्योल छ । लभस्टोरी कथावस्तुमा बन्न लागेको 'रुमानी रंग'को भने आगामी चैतबाट छायांकन सुरु हुने जनाइएको छ ।

# ७ महिनाको वैदेशिक व्यापार : आयात घट्दा भन्सार राजस्व ८ प्रतिशत बढ्यो




काठमाडौं / पुसको दाँजोमा माघ महिनामा आयात केही बढेको देखिए पनि वैदेशिक व्यापार गत वर्षको तुलनामा घटेको छ ।

भन्सार विभागका अनुसार पुस २०८० मा १ खर्ब २६ अर्बको वस्तु आयात भएको थियो । माघमा १ खर्ब ३० अर्बको आयात भएको छ । तर, चालु आर्थिक वर्ष (आव) २०८०/८१ को ७ महिनाको समग्र वस्तु आयात भने गत आवको तुलनामा घटेको देखिन्छ ।

गत वर्ष ७ महिना (साउन-माघ) तुलनामा आयात र निर्यात दुवैमा संकुचन भएको भन्सार विभागको तथ्यांक छ । वैदेशिक व्यापारमा संकुचन भए पनि गत वर्षभन्दा चालु आव ७ महिनामा सरकारको भन्सार राजस्व भने बढेको छ ।

चालु आव माघ मसान्तसम्म आयात र निर्यात दुवै घट्दा व्यापार घाटासमेत कम भएको भन्सार विभागको तथ्यांक छ । माघसम्म ८ खर्ब ९७ अर्ब ९४ करोडको वस्तु आयात भएको छ ।

सोही अवधिमा ८६ अर्ब ८३ करोडको वस्तु निर्यात हुँदा व्यापार घाटा ८ खर्ब ११ अर्ब ११ करोड रहेको भन्सार विभागको तथ्यांक छ ।

गत आव सात महिनामा ९ खर्ब १९ अर्ब १७ करोडको वस्तु आयात र ९३ अर्ब ४३ करोडको निर्यात हुँदा ८ खर्ब २५ अर्ब ७३ करोडको व्यापार घाटा भएको थियो ।

गत आवको तुलनामा चालु आवमा आयात २.३१ प्रतिशत र निर्यात ७.०७ प्रतिशतले घट्दा व्यापार घाटा १.७७ प्रतिशतले घटेको भन्सार विभागले जनाएको छ ।

आयात र निर्यात दुवैमा संकुचन आउँदा कुल वैदेशिक व्यापार २.७५ प्रतिशत घटेर ९ खर्ब ८४ अर्ब ७७ करोडमा झरेको छ । गत आव सात महिनामा १० खर्ब १२ अर्ब ६० करोडको वैदेशिक व्यापार भएको छ ।

**आयात घटे पनि बढ्यो भन्सार राजस्व**

वैदेशिक व्यापार घटे पनि भन्सार राजस्व भने बढेको भन्सार विभागको तथ्यांकले देखाउँछ । चालु आव ७ महिनामा २ खर्ब ३६ अर्ब ९८ करोड भन्सार राजस्व संकलन भएको छ । जुन गत आवको तुलनामा ८.२९ प्रतिशतले बढी हो ।

गत आव सोही अवधिमा २ खर्ब १८ अर्ब ८३ करोड राजस्व संकलन भएको विभागको तथ्यांकले देखाउँछ । माघमा ५० अर्ब ९९ करोड राजस्व उठाउने लक्ष्य भए पनि ३३ अर्ब १७ करोडमात्र संकलन भएको भन्सार विभागले जनाएको छ । यो लक्ष्यको ६५.०४ प्रतिशत हो ।

**इन्धन आयात घट्यो**

चालु आव पहिलो ६ महिनामा इन्धन आयात खर्च सबैभन्दा धेरै १ खर्ब ८४ अर्ब ९३ करोड पुगेको छ । जसमध्ये डिजेल ७७ अर्ब ४२ करोड, पेट्रोल ३८ अर्ब ८३ करोड र खाना पकाउने एलपी ग्याँस ३० अर्ब ३१ करोडको आयात भएको भन्सार विभागले जनाएको छ । गत आव ७ महिनामा १ खर्ब ९४ अर्ब ९६ करोडको इन्धन आयात भएको थियो ।

समीक्षा अवधिमा फलाम तथा स्टिल र तिनका उत्पादन आयात ७६ अर्ब ५ करोड ५८ लाख बराबर आयात भएको छ । गत आव सोही अवधिमा ७६ अर्ब २६ करोडको फलाम तथा स्टिल र तिनका उत्पादन आयात भएको थियो ।

इन्धनका साथै फलाम तथा स्टिल र तिनका उत्पादनको अन्तर्राष्ट्रिय बजार मूल्यमा गिरावट आउँदा आयात परिमाण गत वर्षको तुलनामा वृद्धि भए पनि मूल्यमा भने कमी देखिएको हो ।

मेसिनरी तथा पार्ट्स आयात ६० अर्ब ८४ करोड पुगेको छ । गत आव सोही अवधिमा यी वस्तु आयात ५८ अर्ब २४ करोड रहेकोमा चालु आवमा सामान्य बढेको हो ।

**फलामका उत्पादन निर्यात बढ्यो**

निर्याततर्फ भने सबैभन्दा धेरै फलाम तथा तिनका उत्पादन रहेको भन्सार विभागको तथ्यांक छ । चालु आव ७ महिनामा ९ अर्ब २९ करोड रुपैयाँ बराबर फलाम तथा तिनका उत्पादन निर्यात भएको छ ।

गत वर्ष ५ अर्ब ४६ करोडका मात्रै निर्यात भएको फलाम तथा तिनका उत्पादन निर्यात चालु आव ७ महिनामै करिब ४ अर्बले बढेको देखिन्छ ।

कफी, चिया तथा मसला लगायत वस्तु चालु आव माघसम्म ८ अर्ब ७ करोड ८९ लाख रुपैयाँको निर्यात भएको छ । गत आव सोही अवधिमा यी वस्तु ८ अर्ब ५६ करोड २० लाखको निर्यात भएकोमा चालु आव घटेको हो ।

यस्तै कार्पेट तथा अन्य टेक्सटाइल निर्यात ६ अर्ब ६१ करोडको हुँदा ऊनी ६ अर्ब ३५ करोडको निर्यात भएको छ । गत आवमा तयारी पोसाक ६ अर्ब ९८ करोडको निर्यात भएकोमा चालु आवमा घटेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# ऋणात्मक प्रतिसेयर आम्दानी रहेका ४ कम्पनीको मूल्य १० प्रतिशत बढ्यो



काठमाडौं / बुधबार समग्र सेयर बजार घट्दा पनि ४ कम्पनीको मूल्य १० प्रतिशत बढ्यो । बुधबार १० प्रतिशत मूल्य बढेका यी ४ वटै कम्पनी दोस्रो त्रैमाससम्मको अवधिमा नोक्सानीमा छन्, जसले गर्दा ४ वटैको प्रतिसेयर आम्दानी ऋणात्मक छ ।

बोटलर्स नेपाल बालाजु, बोटलर्स नेपाल तराई, हिमालय ऊर्जा विकास कम्पनी र समाज लघुवित्त कम्पनीको मूल्य १० प्रतिशत बढेको हो । बुधबारको मूल्यवृद्धिपछि समाज लघुवित्तको मूल्य प्रतिकित्ता १ हजार ९७८ रुपैयाँ ५० पैसा पुगेको छ । जबकि दोस्रो त्रैमासमा यो कम्पनी १६ लाख ७० हजार नोक्सानीमा छ ।

गत वर्षको यसै अवधिमा कम्पनी ७५ लाख ८२ हजार खुद नाफामा थियो । कम्पनीको वार्षिक प्रतिसेयर आम्दानी पनि ७ रुपैयाँ ३१ पैसा ऋणात्मक छ । कम्पनीको प्रतिसेयर नेटवर्थ १९८ रुपैयाँ २६ पैसा छ ।

त्यस्तै हिमालय ऊर्जा विकास कम्पनीको मूल्य बुधबार १० प्रतिशत बढेर ३३५ रुपैयाँ ५० पैसा पुगेको छ । चालु आर्थिक वर्षको दोस्रो त्रैमासमा कम्पनी १८ लाख ७३ हजार रुपैयाँ नोक्सानीमा छ । विद्युत् बिक्री गरिरहँदा पनि यो कम्पनी नोक्सानीमा गएको हो । कम्पनीले दोस्रो त्रैमासमा १३ करोड ८२ लाख रुपैयाँको बिजुली बिक्री गरेको छ । प्रतिसेयर आम्दानी (दोस्रो त्रैमासमा) ०.१८९ ऋणात्मक छ । प्रतिसेयर नेटवर्थ जम्मा ८२ रुपैयाँ छ ।

१० प्रतिशत मूल्य बढेपछि बोटलर्स नेपाल तराईको मूल्य १३ हजार १९४ रुपैयाँ पुगेको छ । यो पनि दोस्रो त्रैमासमा नोक्सानीमा छ । बोटलर्स नेपाल तराई साउनदेखि पुस मसान्तसम्म ७ करोड ४१ लाख रुपैयाँ नोक्सानीमा छ । जबकि गत आर्थिक वर्षको यसै अवधिमा १५ करोड ३२ लाख रुपैयाँ नाफामा थियो । कम्पनीको वार्षिक प्रतिसेयर आम्दानी १२३ रुपैयाँ ऋणात्मक छ । प्रतिसेयर नेटवर्थ ३ हजार १७३ रुपैयाँ छ ।

बोटलर्स नेपाल बालाजुको मूल्य बुधबार १० प्रतिशत बढेसँगै प्रतिकित्ता १२ हजार ३९३ रुपैयाँ ८० पैसा पुगेको छ । दोस्रो त्रैमासमा कम्पनी १५ करोड १५ लाख रुपैयाँ नोक्सानीमा गएको छ । गत वर्ष यस अवधिमा कम्पनी २९ करोड २१ लाख रुपैयाँ नाफामा थियो । कम्पनी नोक्सानीमा गएसँगै वार्षिक प्रतिसेयर आम्दानी १४९ रुपैयाँ ऋणात्मक देखिएको छ । कम्पनीको प्रतिसेयर नेटवर्थ ३ हजार १२० रुपैयाँ छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'उपहार' आँखालाई शीतल बनाउने फिल्म हो : रेखा थापा

काठमाडौं / अभिनेत्री रेखा थापाले पाँच वर्षपछि अभिनयमा पुनरागमन गरेको फिल्म हो, 'उपहार' । फिल्म 'मालिका' रिलिजपछि राजनीतिमा सक्रिय देखिएकी उनले गर्भवती अवस्थामा 'उपहार'मा काम गरेकी थिइन् । पाँच वर्षपछि फिल्ममा फर्किएकाले उनी उत्साहित देखिन्छिन् । उनको बुझाईमा 'उपहार' एउटा अमूल्य विषय हो । दर्शकको मनमस्तिष्कमा वर्षौंसम्म फिल्म बस्ने उनको दाबी छ ।

यतिबेला अमेरिकामा रहेकी रेखाले भर्चुअलमाध्यमबाट भनेकी छन्, 'नेपाली फिल्म नियमित रुपमा हेर्ने र कहिल्यै नहेर्ने दर्शकलाई पनि 'उपहार' मनपर्नेछ । यो फिल्म हेर्दा दर्शकले नयाँ उर्जा पाउनुहुनेछ,' उनी अगाडि भन्छिन्, 'फिल्ममा सामाजिक विषयलाई मनोरञ्जनपूर्ण हिसाबले भनिएको छ । नेपाली फिल्ममा एउटै विषयवस्तु भयो भन्ने आरोपलाई पनि 'उपहार'ले गलत सावित गर्नेछ ।'

'उपहार' आँखालाई शीतल बनाउने फिल्म रहेको रेखाको तर्क छ । समाज रुपान्तरणको विषयदेखि समाजभित्र भइरहने घटनालाई फिल्ममा उठाइएको दाबी गर्दै उनले भनेकी छन्, 'फिल्ममा नारी मात्र होइन, पुरुष पनि पीडित छन् भन्ने देखाइएको छ । ८/१० वर्षयता नेपाली फिल्ममा देखिँदै आएका कथाभन्दा 'उपहार' फरक छ ।' फिल्म हेर्दा दर्शक तनावमुक्त हुने पनि रेखा बताउँछिन् ।

महाशिवरात्रीको अवसर पारेर यही फागुन २५ गतेबाट प्रदर्शनमा आउन लागेको 'उपहार'लाई ज्ञानेन्द्र देउजाले निर्देशन गरेका हुन् । फिल्ममा रेखासँगै पूजा शर्मा, मुकुन भुषाल, बेनिशा हमाल, तेज गिरी, समर्पणजंग कार्की, सुष्मा कार्की, शिशिर राणा लगायतको पनि अभिनय छ । एकअर्काका दुश्मन मानिने पूजा र सुष्माले पहिलोपटक एकसाथ गरेकाले यो फिल्मप्रति धेरैमा चासो देखिन्छ ।

# शोभितको 'बद्री बहादुर' चैत्र २३ लाई निश्चित

काठमाडौं / शोभित बस्नेतद्वारा निर्देशित फिल्म 'बद्री बहादुर : मिस्टर संखुवासभा'को प्रदर्शन मिति घोषणा गरिएको छ । यसअघि पटक-पटक प्रदर्शन सरेको फिल्मलाई अब आगामी चैत २३ गते (अप्रिल ५) प्रदर्शन गरिने भएको छ । प्रदर्शन मितिसहित बुधबार सार्वजनिक एउटा पोस्टरमा 'धेरै हाँस्न नसक्नेले यो फिल्म नहेर्नुहोला' भनेर उल्लेख गरिएको छ, जसले फिल्म हाँस्य प्रधान रहेको बुझाउँछ ।

सञ्चारकर्मी तथा चलचित्र विकास बोर्डका सदस्य समेत रहेका रवि अधिकारी कार्यकारी निर्माता रहेको फिल्म एवी पिक्चर्स फार्म र सलोन सलिना ब्यानरमा निर्माण भएको हो । फिल्ममा जय किसन बस्नेत, एलिना गुरुङ, छुल्ठिम गुरुङ, राजीव जंग बस्नेत, धिरेन शाक्य र वर्षा चौलागाईको मुख्य भूमिका छ भने विशेष भूमिकामा पूजा शर्मा, सलोन बस्नेत र निर्देशक शोभित बस्नेत स्वयं छन् ।

विजय गोपाल दली प्रस्तुतकर्ता र मिथुन भोटे फिल्मको निर्मातामा छन् । फिल्ममा विनोद सापकोटाको छायांकन, टंक बुढाथोकी र उजन नेम्वाङको संगीत, रामकाजी घिमिरे लेखन, शिव बिकको नृत्य निर्देशन, शंकर महर्जनको द्वन्द्व निर्देशन तथा समिर मियाँ सम्पादन छ । आरआर फिल्म्सले वितरण गर्ने फिल्मलाई काठमाडौं, लमजुङ्ग, धरान र संखुवासभा क्षेत्रमा छायांकन गरिएको हो ।

**के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# बागमती गोल्डकपको उपाधि जित्न मछिन्द्र र एपीएफ भिड्दै

साझाकुरा संवाददाता

हेटौंडा, ९ फागुन/ बागमती गाउँपालिकाको फापरबारी स्थित जनता माविको खेलमैदानमा जारी छैठौं संकरणको बागमती गोल्डकप फुटबल प्रतियोगिताको फाइनल बिहीवार हुँदैछ ।

उपाधिका लागि 'ए' डिभिजनका दुई चर्चित क्लब मच्छिन्द्र र सशस्त्र प्रहरी बलको एपीएफ आमनेसामने हुनेछन् । बुधबार प्रि-म्याच कन्फ्रेन्समा मच्छिन्द्रका प्रशिक्षक सन्तोष न्यौपानेले प्रतियोगिताको उपाधि जित्न तयारी राम्रो गरिएको बताए । एपीएफका म्यानेजर सुशील अधिकारीले आफ्नो टिमले उपाधी जित्नेमा विश्वस्त रहेको बताए । जित्नका लागि नै प्रतियोगितामा सहभागिता जनाउने भएकोले आफूहरु पनि जित्नकै लागि फाइनलसम्म आएको बताए ।

एपीएफले केही समयअघि मात्रै एपीएफले छैठौ संस्करणको मकवानपुर गोल्डकप हात पारेको थियो । यसैगरी मच्छिन्द्रका कप्तान उत्सव राईले यो पटक उपाधि जित्ने लक्ष्य रहेको बताए । मच्छिन्द्रले यो सिजनमा तीनवटा मोफसलका प्रतियोगितामा हार ब्यहोरेको थियो । यस्तै, एपीएफका कप्तान सुशील अधिकारीले मकवानपुर गोल्डकप जितेर आत्मबल बढेकाले बागमती गोल्डकप समेत जित्ने दाबी गरे । दुवै टोली




पहिलोपटक बागमती गोल्डकपको फाइनलमा प्रवेश गरेको हो ।

बागमती खेलकुद विकास समितिका सल्लाहकार एवम् खेलकुद विकास समिति पूर्वअध्यक्ष अरुण बलले सहरकेन्द्रित मात्रै फुटबल प्रतियोगिता भइरहेको अवस्थामा गाउँ-गाउँबाट नै खेलाडी उत्पादन गर्नुपर्छ भन्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्दै आइरहेको बताए । उनले खेलाडी उत्पादनका लागि फुटबल प्रतियोगिता गरिरहनु पर्ने बताए । बागमती खेलकुद विकास समितिका उपाध्यक्ष मुक्ति लामाको सभाध्यक्षतामा भएको प्रि-म्याच कन्फ्रेन्समा बागमती-४ का वडाध्यक्ष दन्तलाल माझी र मकवानपुर जिल्ला फुटबल संघका सदस्य आषिश थापा लगायतको उपस्थिति थियो ।

प्रतियोगिताको विजेता टिमले १० लाख रुपैयाँ र उपविजेता टिमले ५ लाख रुपैयाँ प्राप्त गर्नेछन् । यस्तै सर्वोत्कृष्ट खेलाडीले १ लाख १ हजार रुपैयाँ र अन्य विधागत उत्कृष्टहरुले २५-२५ हजार रुपैयाँ प्राप्त गर्नेछन् । बागमती गोल्डकपको पहिलो संस्करणको उपाधि हरिहरपुरगढी सिन्धुलीले हात पारेको थियो । दोस्रो संस्करणको उपाधि सरस्वती युवा क्लब काठमाडौंले जितेको थियो भने तेस्रो गोल्डकपको उपाधि जावलाखेल युवा क्लब ललितपुरले प्राप्त गरेको थियो । प्रतियोगिताको चौथो संस्करण उपाधि थ्रीस्टार क्लबले हातपार्दा पाचौं संस्करणको उपाधीको विजेता भुट्निज युथ स्पोर्ट्स क्लव अमेरिका भएको थियो ।

# प्रजिअ सेढाईमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र



साझाकुरा संवाददाता

हेटौंडा, ९ फागुन/ मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईमार्फत राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) मकवानपुरले ४० बुँदे माग प्रधानमन्त्री पुष्पकमल दाहाललाई बुझाएको छ ।

पार्टी केन्द्रीय निर्देशन अनुसार राप्रपा मकवानपुरका कार्यबाहक अध्यक्ष सागर थापा नेतृत्वको टोलीले प्रजिअ सेढाईमार्फत् बुधवार प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको हो । राप्रपा मकवानपुरका नेता तथा कार्यकर्ताले सरकारविरुद्ध जिल्ला प्रशासन कार्यालय अगाडि नाराबाजी समेत गरेका थिए । २०७२ सालमा जारी भएको संविधानबाट धर्म, संस्कृति र आर्थिक रुपान्तरण सम्भव नभएको, देशको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र अन्तर्राष्ट्रिय अस्मिता नराम्रोसँग क्षयीकृत भएको राप्रपाले ज्ञापनपत्रमा उल्लेख गरेको छ ।

राप्रपाले देशको प्रमुख निकायहरु भ्रष्ट, असक्षम र दुषित राजनीतिको शिकार भएको समेत उल्लेख गरेको छ । राजसंस्था, सर्वधर्म सम्भावपूर्ण धार्मिक स्वतन्त्रता सहितको सनातन धर्म सापेक्ष हिन्दुराष्ट्रमा राप्रपाले माग गरेको छ । धर्मान्तरणलाई निषेध गर्नुपर्ने, जनप्रतिनिधिको संख्यामा कटौति गर्नुपर्ने, प्रदेश तह खारेज गर्नुपर्ने र जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको व्यवस्था गर्नुपर्नेलगायत सुझाव राप्रपाले दिएको छ । बुधबार मकवानपुरसहित ७७ वटै जिल्लामा ज्ञापनपत्र बुझाइएको हो ।

# अदालतमा यो वर्ष थपिए १ लाख ८० हजार मुद्दा

काठमाडौं, ९ फागुन/ प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले राष्ट्रपति रामचन्द्र पौडेल समक्ष सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन पेश गरेका छन् । उनले बुधबार आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन पेश गरेका हुन् ।

वार्षिक प्रतिवेदन अनुसार, गत असार मसान्तमा देशभरका अदालतमा एक लाख ५९ हजार पुराना मुद्दा यो आर्थिक वर्षमा सरेका छन् । यो आर्थिक वर्षमा १ लाख ८० हजार नयाँ मुद्दा थपिएका छन् ।

कुल ३ लाख ३९ हजार मुद्दा रहेकोमा यो अवधिमा १ लाख ८१ हजार अर्थात ५३ प्रतिशतभन्दा बढी मुद्दा फर्स्योट भएको सर्वोच्च अदालतले जनाएको छ । पुराना मुद्दा घटाउन हरेक शुक्रबार थप दुई घण्टाका दरले काम भइरहेको सर्वोच्च अदालतले जनाएको छ । देशभरका अदालतहरुबाट कुल एक लाख ५५ हजार वर्ष कैद निर्धारण भएकोमा ४६ हजार १९ वर्षको कैद असुल भइसकेको छ ।

सर्वोच्च अदालतले बजेट अभावका कारण न्यायिक सुधार प्रक्रिया प्रभावित भएको भन्दै त्यसले कतिपय उपलब्धी हासिल हुन नसकेको जनाएको छ । वार्षिक प्रतिवेदनमा भनिएको छ, 'न्यायपालिकालाई प्राप्त संवैधानिक जिम्मेवारी प्रभावकारी रुपमा सम्पादन गर्न जनशक्ति व्यवस्थापन एवं आवश्यक वित्तीय स्रोत प्राप्ति र परिचालनमा स्वायत्तता प्राप्त हुनु आवश्यक देखिन्छ ।' सर्वोच्च अदालतको भवन बन्ने काममा ४० प्रतिशत प्रगति भएको छ । हरिहर भवनस्थित मन्त्री क्वार्टर भैंसेपाटीमा सरेपछि खाली भवन सर्वोच्च अदालतका न्यायाधीश र मुख्य रजिष्ट्रारले पाउने भएका छन् ।

# मकवानपुरमा दादुरा रुबेलाको खोप अभियान



साझाकुरा संवाददाता

हेटौंडा, ९ फागुन/ मकवानपुरमा १३-१९ फागुनसम्म दादुरा-रुवेला खोप अभियान सञ्चालन गरिने भएको छ । ९ महिनादेखि ५ वर्षमुनिका बालबालिकालाई खोप लगाउन जिल्लाभर खोप अभियान चलाउन थालिएको हो ।

अभियानमा ५ वर्षमुनिका बालबालिकालाई छुट भएको नियमित खोप पनि लगाइने स्वास्थ्य कार्यालय मकवानपुरले जानकारी दिएको छ । बुधबार जिल्ला खोप समन्वय समिति र सञ्चारकर्मीसँग अभिमुखीकरण कार्यक्रमको आयोजना गर्दै स्वास्थ्य कार्यालय मकवानपुरले अभियान अवधिमा मकवानपुरभित्र ५ सय २० वटा खोप केन्द्र मार्फत करिब ३२ हजार बालबालिकालाई खोप लगाउने लक्ष्य राखेको जनाएको छ ।

स्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख कृष्णबहादुर मिजारका अनुसार जिल्लामा तीनसय ४० जना स्वास्थ्य स्वयम्सेविका परिचालन हुनेछन् । लक्षित उमेरका बालबालिकालाई दादुरा-रुवेला खोप लगाएर दादुरा र रुवेला रोगविरुद्ध प्रतिरोधात्मक क्षमता अभिवृद्धि गरी ती रोगबाट संक्रमण हुनसक्ने सम्भावनालाई न्युनीकरण गर्ने लक्ष्यका साथ खोप अभियान सञ्चालन गर्न लागिएको कार्यालय प्रमुख मिजारले बताए ।

सन् २०२६ सम्म दादुरा रुवेला रोग निवारण गर्न नेपाल सरकारको प्रतिवद्धता रहेकोमा नियमित दादुरा रुवेला खोपको कभरेज ९५ प्रतिशतभन्दा कम भएको कारण खोप अभियान चलाउन लागिएको बताइएको छ । सरकारले २०७६/७७ मा चलाएको अभियान पछि गरिएको सर्वेक्षणबाट दादुरा रुवेला खोपको कभरेज ८४ प्रतिशत मात्र देखिएको थियो ।

नेपालभर गत आर्थिक वर्षमा एक हजार तीन सय ५० जनामा दादुरा रुवेला रोग देखिएको थियो । त्यसमध्ये मकवानपुरमा ४० जना संक्रमित भेटिएका थिए । दादुरा रुवेला संक्रमितमध्ये ७४ प्रतिशत ९ महिनादेखि १५ वर्ष उमेर समूहको रहेको बताइएको छ ।

मकवानपुर जिल्लामा नियमित खोप कार्यान्वयनमा हेटौंडा उपमहानगरपालिका, थाहा नगरपालिका र मकवानपुरगढी गाउँपालिका उत्कृष्ट रहेको स्वास्थ्य कार्यालयले विश्लेषण गरेको छ ।

बागमती प्रदेशमा नुवाकोट बाहेक सबै जिल्ला पूर्णखोप घोषणा भइसकेको छ । दादुरा रुवेला खोप लगाउन छुटेमा अन्धोपन हुने, पखाला लाग्ने, कान पाक्ने, न्युमोनियमा हुने, इन्सेफ्लाइटिक्स रोग लाग्ने, कम्पन हुने र बालबालिकाको मृत्यु नै हुनसक्ने भएकाले नियमित खोप लगाउनुका साथै छुटेका ५ वर्षमुनिका बालबालिकाले पनि अनिवार्य खोप लगाउनुपर्ने स्वास्थ्य कार्यालय मकवानपुरका जनस्वास्थ्य अधिकृत एवम् सूचना अधिकारी लक्ष्मण घिमिरेले जानकारी दिए ।

# मनहरीमा युनिभर्सल फेस्ट २०८० सुरु

साझाकुरा संवाददाता

हेटौंडा, ९ फागुन/ पश्चिम मकवानपुरको मनहरी गाउँपालिका ७ मा रहेको युनिभर्सल लर्निङ एकेडेमीमा युनिभर्सल फेस्ट २०८० सुरु भएको छ ।

गतबर्षबाट मात्रै कक्षा १० सम्मको अध्यापन सुरु गराएको एकेडेमीले बार्षिक कार्यक्रमलाई बृहद् बनाएर उत्सवको रुपमा युनिभर्सल फेस्ट सञ्चालन गरेको हो ।

फेस्ट फागुन ९ गते सुरु भएर ११ गते भब्य समारोहका बीच समापन गर्ने कार्यक्रम रहेको विद्यालय सञ्चालक समितिका अध्यक्ष शिवकुमार रिजालले जानकारी दिए ।

युनिभर्सल फेस्ट अन्तर्गत पहिलो दिन विद्यालयका तीन कक्षासम्मका बालबालिकाहरुलाई खेलकुदमा सहभागी गराइएको छ ।

त्यसैगरी ठूला कक्षाका विद्यार्थीहरुका लागि फुटसल प्रतियोगिता सञ्चालन गरिएको उनले जानकारी दिए ।

फागुन १० गते ठूला कक्षाका बालबालिकाहरुबीच खेलकुद प्रतिस्पर्धा हुनेछ । जस अनुसार भलिबल, फुटसलसहित विविध खेलहरुका साथमा लोपोन्मुख चुङ्गी, स्टोन पिरामिड मेकिङ (हु गेम)



लगायतका खेलहरु समेत समाबेश गरिएको छ । फागुन ११ गते भलिबल, फुटसल, म्याराथन दौडसहित सबै खेलहरुको फाइनल खेल हुनेछ । सोही दिन विद्यार्थीहरुले बनाएका विज्ञान सामग्री, सामाजिक शिक्षा अन्तर्गतका सामग्रीह र गणितका सामग्रीहरुको प्रदर्शनी हुनेछ ।

त्यसैगरी बालबालिकाकै नेतृत्वमा फुड स्टल सञ्चालनमा ल्याइनेछ । बालबालिकाले आफैले बनाएका खाजाका परिकारहरु स्टलमा राखेर बिक्री बितरण गर्ने र त्यसबाट भएको आम्दानी आफ्ना कक्षाको शैक्षिक विकासका लागि खर्च गरिने योजना बनाएर कार्यक्रम बनाइएको अध्यक्ष रिजालले जानकारी दिए ।

खेलकुद, शैक्षिक प्रदर्शनी, फुड फेस्टिबल र सांस्कृतिक कार्यक्रमलाई एकैसाथ मिसाएर युनिभर्सल फेस्ट सुरु गरिएको उहाँको भनाई छ । यसबर्षदेखि सुरु भएको फेस्टले आगामी बर्ष समेत परिमार्जित भएर निरन्तरता पाउने उहाँले जानकारी दिए । २०६३ सालमा स्थापना भएको एकेडेमीले पछिल्लो समय मनहरीसहित पश्चिम मकवानपुरमा शैक्षिक तथा सामाजिक सेवा क्षेत्रमा टेवा पुर्‍याउँदै आएको छ । अतिरिक्त कक्षाहरु सञ्चालन गरी विद्यार्थीहरुलाई कोर्षका अलावा बाह्य व्यवहारिक ज्ञानमा तीक्ष्ण बनाउने लक्ष्यसहित एकेडेमी सक्रिय बताइएको छ ।

## मकवानपुर बहुमुखी क्याम्पस, हेटौडाको
## लेखा अधिकृत पदपूर्ति गर्ने सम्बन्धी सूचना

*(दोश्रो पटक प्रकाशित मिति: २०८०/११/१०)*

यस मकवानपुर बहुमुखी क्याम्पस हेटौंडाको लागि निम्न बमोजिमको पदस्थायी पूर्ति गर्नुपर्ने भएकाले क्याम्पस सेवा समितिको मिति २०८०/०९/२२ गतेको निर्णयानुसार मिति २०८०/०९/२४ गते विज्ञापन प्रकाशन गरिएकोमा पर्याप्त आवेदन नपरेकोले देहाय वमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र वैयक्तिक विवरण, आवश्यक प्रमाण पत्रका प्रतिलिपिहरु समेत संलग्न गरी क्याम्पसबाट उपलब्ध गराइएको दरखास्त फारम भरी कार्यालय समयभित्र बुझाउनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| | |
|---|---|
| **विज्ञापन नं.** | : १२/२०८०/२०८१ |
| **पद** | : लेखा अधिकृत (सहायक प्रशासक सरह) |
| **संख्या** | : १ (एक) |
| **न्यूनतम योग्यता** | : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्य शास्त्र वा व्यापार प्रशासनमा स्नातक वा अर्थशास्त्र, गणित, तथ्यांक शास्त्र वा जनप्रशासन मध्ये कुनै एक मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण भएको |
| **छनौट विधि** | : लिखित, मौखिक र प्रयोगात्मक |
| **पाठ्यक्रम** | : लोकसेवा आयोगले तोके अनुसार |
| **उमेर** | : दरखास्त दिने अन्तिम मितिसम्म न्युनतम उमेर २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गको हकमा ४० वर्ष उमेर ननाघेको हुनुपर्ने |
| **पारिश्रमिक** | : क्याम्पसको नियमानुसार । |
| **दरखास्त दस्तुर** | : रु. १,०००। (एक हजार) मात्र । |

**मकवानपुर बहुमुखी क्याम्पस, हेटौडा**

सम्पर्क नं. : ०५७-५२०६२०, ५२१८६७, ५२३७६२

## मोवाइलको लतबाट बालबालिकालाई बचाऔं

- मोवाइलको लत लागेका बालबालिकामा निन्द्रा ढिलो लाग्ने, गहिरो निन्द्रा नलाग्ने र पटक पटक ब्युझँने समस्या देखिन सक्छ,
- मोवाइलको लतले बालबालिकाको मानसिक तथा शारिरीक विकासमा नै असर पुर्‍याउन सक्छ,
- मोबाइल देखाएर खाना खुवाउनाले बालबालिकालाई खानाको स्वाद थाहा नहुन सक्छ,
- यसले पाचन प्रणालीमा समस्या हुन सक्दछ,
- उनीहरुलाई कुराकानी गरेर, डुलाएर, गीत गाएर तथा उनीहरूको हाउभाउमा प्रतिक्रिया जनाउँदै खाना खुवाऔं,
- अभिभावकले अत्याधिक मोबाइल चलाउँदा बालबालिकालाई मोवाइलको लत बस्न सक्दछ,

त्यसैले अभिभावकले मोवाइलको कम प्रयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## हेटौंडामै उत्पादित
# सुदिन ड्राइमिट






**Ready To Eat**

## हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

**सुदिन प्याकेजिङ्ग उद्योग**
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३